गरुडा नगरपालिका

Garuda Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of The Municipal Executive

गरुडा, रौतहट

Garuda Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

पत्र संख्या:-२०८२/०८३ मिति:२०८३/०२/०१

**सार्वजनिक जग्गा खाली गर्ने सम्बन्धी गरुडा नगरपालिकाको अत्यन्त जरुरी सूचना ।**

प्रथम प्रटक प्रकाति मिति :-२०८३/०२/०१

प्रस्तुत विषयमा यस गरुडा नगरपालिका क्षेत्रभित्र नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक तथा सरकारी जग्गामा अतिक्रमण भएको भन्ने जानकारी प्राप्त भएको हुदाँ सार्वजनिक सम्पतिको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्वन्धी एक सय कार्यसुचि अन्तर्गतको वुदाँ नं.९२ कार्यान्वयन सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रत्रालयको प.सं. २०८२/०८३, च.नं.३४९, मिति २०८२/१२/२४ गतेको प्राप्त पत्र बमोजिम यस नगरपालिका क्षेत्र भित्रका सार्वजनिक सरकारी जग्गा, सडक, खोला, नाला, ऐलानी, पर्ती, पार्क, खुला क्षेत्र लगायतमा कसैले अतिक्रमण गरी निर्माण गरेको संरचना, टहरा, घर, घेरा वा अन्य कुनै पनि किसिमले प्रयोग गरिरहेको भैए यो प्रकाशन भएको मितिले १५ दिन भित्र स्वेच्छाले अतिक्रमण हटाई सम्बन्धित जग्गा खाली गर्नुहुन सम्बन्धित सवै सरोकारवालाहरुलाई सुचित गरिन्छ । निर्धारित समयभित्र अतिक्रमण हटाईएको नदेखिएमा नगरपालिकावाट अतिक्रमण हटाउने कार्य गरिनेछ र सो कार्यमा लाग्ने सम्पूर्ण खर्च सम्वन्धित अतिक्रमणकर्तावाट असुल उपर गरिने वेहोरा समेत जानकारी गराईन्छ। साथै सार्वजनिक बाटोमा राखिएका गिट्टी, वालुवा तथा अन्य सामाग्रीका कारण मोटरसाईकल लगायत विभिन्न यातायातका साधनहरु दुर्घटनामा परी जीउधनको क्षती समेत भई रहेकोले सो समेत यथासिघ्र हटाउन यसै सूचनाद्वारा जानकारी गराईन्छ। सूचना अटेर गरी नहटाएको खण्डमा कानून बमोजिम हुने व्यहोरा समेत जानकारीका लागी अनुरोध छ।

२०८३।२।१

नीलमकुमार न्यौपाने

(प्रमुख प्रशासकीय अधिकृत)

नीलमकुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

Email
itofficer.garudamun@gmail.com
info@garudamun.gov.np

Phone No.
055-565201

Website
https://garudamun.gov.np

"समृद्ध नगर, सुखी नगरवासी"